# हस्पिटल र संस्थाहरू हस्पिटलहरू र संस्थाहरूमा सेवा र एन.ए सदस्य

धेरै एन.ए सदस्यहरूले हस्पिटलहरू र संस्थाहरूमा सेवा आफ्नो व्यक्तिगत सुधारको महत्वपूर्ण भाग भएको पाए । हाम्रा सदस्यहरू, जो सक्रिय रुपमा एच एण्ड आइ को सेवामा सहभागी हुन्छन्, उनीहरू हाम्रो फेलोसिपको महत्वपूर्ण स्रोतहरु हुन् । एन.ए सेवाको बनावटमा संलग्न हुने र हामीलाई हाम्रो फेलोसिपको भागको रूपमा महसुस गराउने धेरै तरिकाहरूमध्ये एच एण्ड आइ सेवाको दृढ संकल्प पनि एक हो ।

हामीलाई थाहा छ कि सक्रिय दुर्व्यसनले जेलहरू, संस्थाहरू र मृत्युसम्म पुऱ्याउँछ । त्यस माथि एन.ए को प्राथमिक उद्देश्य अझ पनि ती सक्रिय दुर्व्यसनमा रहेका दुर्व्यसनीहरूसम्म सुधारको सन्देश पुऱ्याउनु हो । यो आश्चर्यपूर्ण होइन कि हस्पिटलहरू र संस्थाहरूमा एन.ए को सुधारको सन्देश पुऱ्याउनु हाम्रो प्राथमिकताहरू मध्येको एक हो । एन.ए. सदस्यहरूले विश्वभरि हस्पिटलहरु र संस्थाहरूको समिति (एच एण्ड आइ) स्थापना गरेर यो विश्वासलाई निरन्तर रूपमा समर्थन गरेका छन् ।

अझ पनि, केही एन.ए सदस्यहरू एच एण्ड आइ को सेवामा सामेल हुन हिच्किचाइरहेका छन् किनकि उनीहरू कहिल्यै पनि जेल, पक्राउ अथवा संस्थाहरूमा गएका छैनन् । हाम्रो व्यक्तिगत अनुभव र उचित तयारीको कारण हामी सबै जना हाम्रो सुधारको सन्देश पुऱ्याउन विशेष तवरले योग्य छौं ।

यो पर्चा नार्कोटिक्स एनोनिमस एच एण्ड आइ सेवाको विस्तृत जानकारीको साथै धेरै सदस्यहरूलाई यो सेवा गर्ने अवसरको प्रोत्साहन गर्ने विषयमा लक्षित छ ।

## एच एण्ड आइ मिटिङ्ग के हो ?

एच एण्ड आई मिटिङ्गको उद्देश्य नियमित रुपमा नार्कोटिक्स एनोनिमस मिटिङ्गको पहुँच नभएका दुर्व्यसनीहरू समक्ष सुधारको सन्देश पुऱ्याउनु हो । लामो समयसम्म कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूमा बाहेक अरु संस्थाहरूमा, एच एण्ड आइ मिटिङ्गको उद्देश्य भनेको सहभागी दुर्व्यसनीहरूलाई एन.ए. कार्यक्रमको सामान्य कुराहरू परिचय गराउने हुन्छ ।

एच एण्ड आइ मिटिङ्गको बारेमा स्पष्ट समझदारी बनाउनको लागि हाम्रो सेवाको बनावटको बारेमा बुझ्नु आवश्यक छ । एच एण्ड आई मिटिङ्ग प्रायः जसो एरिया सेवा समिति (ए.एस.सी) को एच एण्ड आइ उप-समिति (एच एण्ड आइ कमिटि) ले उपलब्ध गर्ने एउटा सेवा हो । यी मिटिङ्गहरू हस्पिटलहरूमा, उपचार केन्द्रहरूमा, सुधार गृहहरूमा र किशोरावस्थाका व्यक्तिहरूसँग सम्बन्धित संस्थाहरुमा सञ्चालन हुन्छ । एउटा एन.ए समूहद्वारा नभईकन, यो महत्वपूर्ण छ कि एच एण्ड आइ मिटिङ्ग जहिले पनि एच एण्ड आइ कमिटिको निर्देशनमा सञ्चालित हुनुपर्दछ ।

## म कसरी संलग्न हुन ?

एरिया एच एण्ड आइ उप-समितिको योजना बनाउने र आयोजना गर्ने कामको केन्द्र हो । यो संलग्न हुन सुरुवात गर्ने नमुना स्थल हो । सबैभन्दा पहिला गर्नुपर्ने काम एरिया एच एण्ड आइ उप-समिति मिटिङ्गमा प्रस्तुत हुने र नयाँ तथा इच्छुक सदस्यहरुको लागि हुने जानकारीमूलक तालिममा सहभागी हुने । यी जानकारीमूलक मिटिङ्गहरूले सदस्यहरूलाई जानकारी मात्र नभई एच एण्ड आइ मा सेवा दिन आवश्यक नशा रहित स्वच्छ समयसँग परिचित हुन मद्दत गर्दछ । यी मिटिङ्गहरूबाट ती ठाँउहरूमा हाम्रो सन्देश पुऱ्याउन सदस्यहरूको चयन गर्ने काम हुन्छ । प्रायः गरी अर्को कदम एच एण्ड आइ मिटिङ्गमा एउटा अवलोकनकर्ताको रुपमा सहभागी हुनु हो । यस्तो प्रक्रियाबाट सदस्यहरूले एच एण्ड आइ मिटिङ्गको आधारभूत जानकारी प्राप्त गर्दछन् र त्यसपछि संलग्न हुने स्तरमा निर्णय गर्दछन् ।

## म किन संलग्न हुने ?

हस्पिटलहरू र संस्थाहरूमा सेवाले दुर्व्यसनीहरूलाई कृतज्ञता ज्ञापन गर्ने जिम्मेवारी पुरा गर्ने र कुनै अपेक्षाबिना एन.ए को संदेश बाँड्ने मौका प्रदान गर्दछ । यो एउटा प्रभावकारी साधन पनि हो जसले हामीलाई नशारहित रहन मद्दत गर्दछ र हामीलाई आइराख्ने बनाउँदछ । एच एण्ड आई को सन्देश एन.ए सन्देश जस्तै नै होः "एउटा दुर्व्यसनी, कोही पनि दुर्व्यसनी नशा बन्द गर्न सक्छ, सेवन गर्ने इच्छा हटाउन सक्छ, र जीवन जिउने नयाँ तरिका पाउन सक्छ"[१] । नार्कोटिक्स एनोनिमसको कार्यक्रमको माध्यमबाट आशा र सक्रिय दुर्व्यसनबाट स्वतन्त्रता हामीले बाँड्ने उपहार हो । कोही पनि एन.ए सदस्य जो यो सन्देश पुर्याउन चाहन्छ एच एण्ड आई सेवामा संलग्न हुनको लागि प्रोत्साहित गरिन्छ । नार्कोटिक्स एनोनिमसमा सेवा गर्ने धेरै तरिकाहरु छन् र हामीमध्ये धेरैले एच एण्ड आइ सेवा हाम्रो सुधारको अत्यन्त सन्तोषजनक भाग भएको पायौं । हामी आशा गर्दछौं कि यो पर्चाले तपाईंलाई एच एण्ड आई सेवामा संलग्न हुन र यी उपहारहरू आफ्नो लागि अनुभव गर्न प्रोत्साहित गर्नेछ ।

[१] Basic Text, *Narcotics Anonymous* (अहिलेसम्म नेपालीमा उपलब्ध छैन ।)

Copyright © 2013 by
Narcotics Anonymous World Services, Inc.
सर्वाधिकार सुरक्षित

World Service Office
PO Box 9999
Van Nuys, CA 91409 USA
T 818.773.9999
F 818.700.0700
Website: www.na.org

World Service Office–CANADA
Mississauga, Ontario

World Service Office–EUROPE
Brussels, Belgium
T +32/2/646 6012

World Service Office–IRAN
Tehran, Iran
www.na-iran.org

यो एन.ए. फेलोसिपद्धारा अनुमोदित साहित्यको अनुवाद हो ।

Narcotics Anonymous, , , , र The NA Way
पंजिकृत व्यापारचिन्ह हुन्, यी कम्पनीहरुको
Narcotics Anonymous World Services, Incorporated.

ISBN 978-1-55776-119-4 Nepali 11/13

WSO Catalog Item No. NE-3120

**Narcotics Anonymous®**

**नार्कोटिक्स एनोनिमस**

IP No. 20-NE

# हस्पिटल र संस्थाहरू

# हस्पिटलहरू र संस्थाहरूमा सेवा र एन.ए सदस्य